# १६ औ नगरसभाको बैठकबाट पारित निर्णयहरु

१. कार्यपालिका बैठकबाट पेश भएको कपिलवस्तु नगरपालिकाको आ.व. २०८१/०८२ को लागि आर्थिक विधेयक, २०८१ स्वीकृत गर्ने।

२. कार्यपालिका बैठकबाट पेश भएको कपिलवस्तु नगरपालिकाको आ.व. २०८१/०८२ को लागि विनियोजन विधेयक, २०८१ स्वीकृत गर्ने।

३. १५ औ नगर सभा पश्चात कार्यपालिका बैठकबाट भएका निर्णयहरु, नगर प्रमुख तथा उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत एवं वडा समितिबाट भएका लिखित निर्णयहरु तथा २०८०/०८१ को हाल सम्मको सम्पूर्ण आम्दानी खर्च लाई अनुमोदन गर्ने।

४. कपिलवस्तु नगरपालिकाको न्यायिक समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने।
मनोज कसौधन वडा नं १
सोहरत तेली वडा नं ७

५. नगपालिकामा कार्यरत करार कमर्चारीहरुको म्याद २०८१ पौष मसान्त सम्म थप गर्ने।

६. कपिलवस्तु नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आ.व. २०८१/०८२ को तलवी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

७. नगरपालिकामा कार्यरत करार सेवामा कार्यरत कर्मचारीहरुले नेपाल सरकार द्धरा तोकिएको न्यूनतम तलव स्केल भन्दा कम तलव भूक्तानी पाईरहेका करार कर्मचारीहरुको मासिक रु १०००/- तलव बृद्धि गर्ने।

८. गरिव संग विशेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालक पदमा कार्यरत श्री विमला भट्टराईको संघिय सरकारबाट प्रापत कार्यक्रम अनुसारको पारिश्रमिक सुविधा न्यून रहेको हुंदा निजले दुई वटा वडाहरुमा काम गर्नु पर्ने भएकोले साविकको थप समेत गरि निजको मासिक तलव स्केलमा रु ४०००/- बृद्धि गर्ने निर्णय गरियो।

९. आर्थिक बर्ष २०८०/०८१ मा संभौता भई सम्पन्न हुन बाँकी रहेका योजनाहरुलाई आ.व. २०८१/०८२ मा सम्पन्न हुने गरि श्रोतको सुनिश्चितता गर्ने तथा तथा लेखा शाखामा भूक्तानीका लागि पेश भई भूक्तानी हुन बाँकी रहेका खर्चहरु समेतको बजेट व्यवस्थाका साथै आवश्यक भएमा यथोचित म्याद थप गर्न कार्यालयलाई निर्देशन दिने।

१०. जहदी र निग्लिहवा स्वास्थ्य चौकीमा Lab संचालन गर्न Lab Assistant नियुक्ति गर्न प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन गर्ने।

११. आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन माथि छलफल हुँदा औल्याईएका पेश्की तथा बेरुजु उपर आवश्यक प्रक्रिया पुरा गरि असुल उपर तथा फर्छ्यौट गर्न नगरपालिकालाई निर्देशन गर्ने।

१२. कार्यालयमा काम नलाग्ने अवश्थाका जिन्शी सामाग्री लिलाम तथा मिनाहा गर्न नगर कार्यपालिकालाई जिम्मेवारी दिने।

१३. कपिलवस्तु नगरपालिकाको वर्तमान संगठन संरचना पुनरावलोकन नहुँदा सम्म मौजुदा कर्मचारीबाटै संचालन हुने गरि खानेपानी, सरसफाई तथा स्वच्छता ईकाइ (वास) स्थापना गर्ने।